स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जुनसुकै क्षेत्रमा राम्रा र नराम्रा दुवै पक्ष हुन्छन् । नेपाली फिल्म क्षेत्रमा पनि छ । कोही नराम्रो पक्षसँग लडेर अगाडि बढ्छन् त कोही हार खान्छन् । फिल्म क्षेत्रमा भोगेको तीतो अनुभवले धेरै कलाकार पलायनको बाटो रोज्न बाध्य छन् । अभिनेत्री दीया पुन पनि एक विन्दूमा फिल्म क्षेत्रबाटै टाढिने सोचमा पुगेकी थिइन् । जब उनले काम गरेको फिल्मबाटै पारिश्रमिक पाउन ठूलो संघर्ष गर्नुपर्‍यो । आगामी असार ८ गते दीया अभिनीत फिल्म 'अन्तिम संस्कार' प्रदर्शन हुँदैछ ।

**आजको विचार...**



समाजवादी...

(दुई पेजमा)

गणेश ज्ञवाली

फिल्मको भाग्य पनि अनौठो हुन्छ । अपेक्षा नै नगरेका फिल्म सफल हुन्छन् । अनि ठूलो अपेक्षा राखिएका फिल्मले लगानीको एक तिहाई पनि उठाउँदैनन् । अभिनेत्री केकी अधिकारीका दुई फिल्म 'झिँगेदाउ' र 'प्रसाद २'को हकमा यस्तै भयो । अघिल्लो वर्षको 'झिँगेदाउ' प्रति सम्भवतः उनलाई त्यति ठूलो अपेक्षा थिएन । 'आगो बिना बिँडी जल्दैन' गीतबाहेक फिल्मको खासै चर्चा पनि थिएन । तर, भनिन्छ नि, 'कहिलेकाहीँ नपत्याउने खोलाले बगाउँछ ।' फिल्मले घरेलू बजारमा मात्र साढे ३ करोडभन्दा बढीको कमाई गरेको छ ।



❒ वर्ष २८ ❒ अंक ३१५ ❒ २०८० जेठ ३० गते मंगलबार 13 June 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### कार दुर्घटनामा आठको मृत्यु

**लुम्बिनी,** जेठ २९/प्यूठानको स्वर्गद्वारी मन्दिरको दर्शन गरेर फर्किँदै कार दुर्घटना भएको छ । स्वर्गद्वारी दर्शन गरी फर्कने क्रममा स्वर्गद्वारी नगरपालिका-४ भिङ्गी बजार नजिकै टाकुरा भन्ने स्थानमा सोमबार दिउँसो लु १च ६३४५ नम्वरको कार दुर्घटना भएको हो । दुर्घटना हुँदा सो कारमा सवार आठ यात्रीहरूको मृत्यु भएको छ । कार स्वर्गद्वारी-भिङ्गी सडक खण्डको टाकुरा भन्ने स्थानबाट झन्डै ५० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायव उपरीक्षक सुवास खड्काले जानकारी दिए । उनका अनुसार दुर्घटनामा मृत्यु भएकामध्ये सातजनाको सनाखत भएको र एकजनाको सनाखत हुन सकेको छैन । दुर्घटनामा मृत्यु हुनेमा दाङ तुल्सीपुर उपमहानगरपालिका-१५ कोठरी बस्ने ३५ वर्षीया सरिता शर्मा पोखरेल, निजको १४ वर्षीय छोरा विशाल पोखेल र ९ वर्षीय छोरा विकास पोखेल रहेका छन् । यस्तै, दाङ लमही नगरपालिका-७ गढवाका ४० वर्षीय गोविन्द शाह, उनकी श्रीमती ३० वर्षीया राधा नेपाली र उनका छोरा ९ वर्षीय आदित्य शाह रहेको जिल्ला प्रहरी कार्यालय प्युठानले जनाएको छ । कारका चालक दाङ लमही नगरपालिका-४ का ४९ वर्षीय ताराबहादुर कुमालको पनि सनाखत भएको र अन्य एकजनाको सनाखत हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख खड्काले बताए । **-रासस**

### रुखबाट लडेर एकको मृत्यु

**पाल्पा,** जेठ २९/जिल्लाको बगनासकाली गाउँपालिका -९ फक्टुङमा रुखबाट लडेर एक महिलाको मृत्यु भएको छ । सोमबार फक्टुङकी ४५ वर्षीया धना खाँण आफ्नै घरको बारीमा रहेको लिची टिप्ने क्रममा लडेर गम्भीर घाइते भएकी थिइन् । घाइते उनको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए ।

# पाल्पामा पनि अचाक्ली गर्मी, हुन थाले विद्यालय बन्द


**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ २९/देशका अन्य जिल्लाका तुलनामा पाल्पाको हावा, पानी राम्रो मानिन्छ । चिसो मौसममा होस् वा गर्मी मौसममा नै किन नहोस् यहाँको मौसम मध्यम नै रहने गर्छ । तर यस पटक भने तराईमा बढेको अत्याधिक गर्मीको प्रभाव पाल्पामा पनि परेको छ । वर्षा गराउने मौसमी गतिविधि कम सक्रिय भई देशका अधिकांश स्थानहरूमा तापक्रम उल्लेख्य रुपमा वृद्धि हुँदै जाँदा जिल्लाको रामपुर, तानसेन लगायतका क्षेत्रमा पनि अचाक्ली गर्मी बढेको हो ।

तराईसँग जोडिएको जिल्ला भएकाले पनि रामपुरमा यस पटक अचाक्ली गर्मी बढेको छ । तानसेनमा पनि दिउँसोको समयमा अध्याधिक गर्मी हुने गरेको पाइन्छ । बढेको गर्मीका कारण जिल्लाका विद्यालयहरु समेत धामधम बन्द हुन थालेका छन् । रामपुर क्षेत्रमा दैनिक गर्मी बढ्दै गएपछि रामपुर नगर सरकारले पाँच दिनका लागि विद्यालय बन्द गर्न आह्वान गरेको छ । अत्यधिक गर्मी बढेपछि पठन-पाठन गर्न गराउन नसक्ने स्थिति सिर्जना भएको भन्दै नगर सरकारले नगरपालिका भित्रका विद्यालयहरुमा सोमबारदेखि विदा दिएको हो ।

गर्मीका कारण विद्यालय सञ्चालनमा कठिनाइ भएकाले ५ दिन विदा दिइएको रामपुर नगरपालिकाको शिक्षा शाखाले जनाएको छ । शिक्षा शाखाले जेठ २८ गतेको निर्णय अनुसार एक सूचना जारी गर्दै २०८० जेष्ठ २९ गते देखि असार १ गतेसम्म रामपुर नगरपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक, संस्थागत तथा मन्टेश्वरीहरुमा विदा दिने निर्णय गरेको हो ।

नगरपालिकाका शिक्षा अधिकृत विकल काफ्लेद्धारा जारी सूचनामा हाल अत्याधिक गर्मी बढेको र त्यसको प्रभाव रामपुर नगरपालिकामा पनि परेकोले विद्यालय सञ्चालनमा कठिनाईसँगै विद्यार्थीको स्वास्थ्यमा असर परेको भनरी अभिभावक र विद्यार्थी संगठनबाट गुनासो आएको हुँदा वर्षे र हिउँदे विदामा मिलान हुने गरी विदा दिइएको बताईएको छ । अत्यधिक गर्मी बढेपछि बालबालिकाहरू कक्षा कोठामा



बसेर पढ्नै नसक्ने अवस्था भएकाले ५ दिनका लागि विद्यालय बन्द गर्न आह्वान गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । उनले भने 'विगत केही दिनदेखि अत्यधिक मात्रामा तापक्रम वृद्धि हुँदा दिउँसोको समयमा विद्यालय जाँदा, आउँदा बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिएकोले नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरु वर्षे र हिउँदे बिदाबाट कट्टा हुनेगरी गर्मी बिदा दिन सूचना जारी गरिएको हो ।' 'बढ्दै गएको घामको रापले स-साना बालबालिका विद्यालयमै आलसतालस पर्न थाले', नगर प्रमुख थापाले भने, 'यसले स्वास्थ्य समस्या बढाउन सक्ने हुनाले विद्यालय बन्द गर्ने निर्णय गर्‍यौं ।' जिल्लाका अन्य स्थानीय सरकारहरुले समेत गर्मीलाई मध्यनजर गरी विदा दिने तयारी गरेका छन् । जिल्लामा पछिल्ला केही दिनयता यसअघि कहिल्यै नखेपिएको प्रचण्ड घामको राप बढेको छ । अहिले यस भेगमा प्रचण्ड गर्मीको रापले सामान्य हिँडडुल गर्न पनि सकस भएको छ । प्रचण्ड घामको रापले विद्यालय पढ्न जाने स-साना नानी, वृद्धवृद्धा र कडा शारीरिक श्रम गर्ने मजदूर मारमा परेका छन् ।

## सुरक्षित गर्भपतन सेवा सबै महिलाहरुको पहुँचमा हुनुपर्नेमा जोड

**पाल्पा,** जेठ २९/सुरक्षित गर्भपतन सेवा सबै महिलाहरुको पहुँचमा हुनुपर्नेमा पाल्पामा आयोजित एक कार्यक्रमका बक्ताहरुले जोड दिएका छन् । नेपाल परिवार नियोजन संघ पाल्पाको आयोजना र स्वास्थ्य कार्यालयको समन्वयमा तानसेनमा भएको सरोकारवालासँग प्रजनन् स्वास्थ्य र मूल्य मान्यता सबन्धी अभिमुखीकरण कार्यक्रममा उच्च प्रशासक, जनप्रतिनिधी, युवा, महिला तथा पत्रकारहरुले गर्भधारण गर्ने वा धारण गरेको गर्भलाई राख्ने वा फाल्ने विषयमा महिलाको अधिकार सुनिश्चित हुनुपर्नेमा जोड दिएका हुन् ।



अहिले नेपालमा ४२ प्रतिशत महिलाले मात्र सुरक्षित गर्भपतनको सेवा तथा पहुँचमा रहेका छन् भने बाँकी ५८ प्रतिशत महिला अझै पनि गर्भपतनको सेवा पाउन सकेका छैनन् । अपाङ्गहरुका लागि सुरक्षित मातृत्व, परिवार नियोजन तथा सुरक्षित गर्भपतनको सेवा पुग्न कठिन देखिएको छ । सरकारदेखि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुले पनि अपाङ्गहरुको क्षेत्रमा अझै पनि सुरक्षित गर्भपतन सेवा विस्तार गर्न सकेका छैनन् ।

सुरक्षित गर्भपतन सेवा सबै महिलाहरुको पहुँचमा हुनुपर्नेमा जोड सुरक्षित गर्भपतन सेवा महिलाहरुले जटिल अवस्थामा मात्र गर्ने गरेका छन् । कुनै रहरले नभई बाध्यताकै कारण अन्तिम अवस्थामा मात्र महिलाहरुले गर्भपतन सेवा लिने गरेका छन् । नचाहेको गर्भ बस्ने, हाडा नाता करणीको कारण गर्भ बस्ने, बलात्कारको कारण गर्भ बस्ने, अपाङ्ग बच्चा जन्मिने लगायत विविध कारणबाट महिलाहरुमा रहेको गर्भहरुलाई नेपाल सरकारले पतन गर्ने कानुनी मान्यता दिए पनि अधिकांश ग्रामीण क्षेत्रका महिलाहरुले यो सेवा लिन सकेका छैन ।

सरकारले नेपालमा १० हप्तादेखि २८ हप्ता सम्मको गर्भपतनका लागि कानुनी मान्यता दिएको छ । नेपाल सरकारले सरकारी स्वास्थ्य संस्थामा निःशुल्क र निजी मान्यता प्राप्त स्वास्थ्य संस्थामा गर्भपतनको लागि निश्चित रकम तोकी सेवा सञ्चालन गर्दै आएको छ । गर्भपतन गम्भिर विषयवस्तु भएकाले हचुवाको भरमा निर्णय गर्ने परम्परा अझै पनि रहेकाले गर्भपतनको विषयमा पुरुषहरु पनि महिलावादी भएर व्यवहार गर्नुपर्नेमा अन्तर्क्रिया केन्द्रीत बनेको थियो । छलफल अन्तर्क्रिया कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोला, जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा.राजेन्द्र गिरी, सूचना अधिकारी टिकाराम अधिकारी, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना, नेपाल परिवार नियोजन संघ पाल्पाका कार्यालय प्रमुख शोवाकान्त न्यौपाने लगायतले गर्भपतन सेवामा महिलाको अवस्था, अधिकार, कानुनी तथा संवैधानिक व्यवस्था लगायतका विषयमा चर्चा गरेका थिए ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विदेशमा सिकेको सीप स्वदेशमा उपयोग गरौं

**नेपाली युवाहरु विदेशीने क्रम बढ्दो छ । स्वदेशमा रोजगारका अवसरहरु नदेखेपछि युवाहरु परिवार पाल्नकै लागि विदेशीने गरेका हुन् । पछिल्लो समय त झन् अध्ययन गर्न भन्दै धेरै युवाहरु विदेशीएका छन् । मुलुकमा रोजगारका अवसर नपाएर विदेशीनु नेपालीको बाध्यता हो । यसो भन्दै गर्दा विदेश पलायन हुनु र उर्जावान समय त्यत्तै खार्चिनु चाहि राम्रो होइन् । विदेशमा रहँदा धेरै कुराको ज्ञान, सीप र अनुभव हुन्छ । त्यो ज्ञान, सीप र अनुभवलाई स्वदेशमा आएर खर्चिन सकियो भने राम्रो हुन्छ । त्यसले परिवारलाई मात्र हैन देशलाई नै ठूलो टेवा पुग्छ । यो कुरा विदेशीने नेपालीहरुले बुझ्न आवश्यक छ । हरेक नेपालीलाई थाहा छ कि विदेशमा श्रम बेचे कामदारमात्रै भइन्छ तर स्वदेशमै पसिना खर्चिए आफै मालिक बन्न सकिन्छ । तर, दुर्भाग्य नेपालमा बसेर केही हुँदैन भन्ने मान्यता अझै पनि हावी छ । यो मान्यतालाई चिर्नका लागि सरकारले समेत रोजगारका अवसर सिर्जना गर्नेतर्फ ध्यान दिनुपर्छ । विदेशमा सिकेको ज्ञान, सीपलाई स्वदेशमै उपयोग गर्न सकियो भने पनि अवसर धेरै छन् यहाँ । मात्र इच्छा शक्ति हुनुपर्छ । विदेशी भूमिका जे सिकिएको छ त्यो आफ्नै ठाउँमा प्रयोग गर्नुपर्छ । कृषि, पर्यटन, उद्योगज जुन क्षेत्रको ज्ञान सीप हासिल गरिएको छ । त्यही सीपलाई प्रयोग गर्ने हो भने मनग्य आम्दानी गर्नुको साथै एक /दुई जनाले रोजगार समेत पाउँछन् ।**

**गाउँ-गाउँका युवाहरु खाडी मुलुक र भारतीय सहरहरुमा आफ्नो पसिना बगाउँदै गर्दा नेपालमा भने बर्सेनि सुन फल्ने फाँटहरु बाँझो पल्टिँदै गएका छन् । विदेशमा थुप्रै हण्डर र ठक्कर पाएर स्वदेशमै दुःख गर्न तम्सिएका युवाले गरेको प्रगति हेर्ने हो भने पनि कुनै पनि युवा निराश भएर विदेश जानु पर्दैन । आफ्नो सीप र क्षमता अनुसार स्वदेशमा रोजगार पाउन नसकेको तीतो यथार्थ भएपनि विदेश पलायन हुनु नै अन्तिम विकल्प होइन । एसइई उत्तीर्ण गरेका युवा प्लस टु पनि नपढ्दै विदेशको सपना देख्न थाल्ने मानसिकता बदल्नुपर्छ । उच्च शिक्षा सकेर प्रमाणपत्र हातमा लिएर बसेका युवाहरूको सपना देशले पूरा गर्नुपर्छ । अब युवा शक्तिको सोंच बदलिनुपर्छ । विदेश जानै हुँदैन भन्ने होइन, तर केही समय बसेर त्यहाँ सिकेको ज्ञान, सीपलाई स्वदेशमा प्रयोग गरौं भन्ने मात्र हो । यसर्थ यसतर्फ विदेशीने सबै युवाहरुले सोंच बदलेर स्वदेशमै ज्ञान, सीपको उपयोग गरौं । यहीबाटै हामी समृद्ध बन्न सक्छौं ।**

## Opinion @ Social Network

औकात त आफू ले बनाउने हो दुनियाँ ले त
पीठ पछाडी कुरा काट्ने हो काट्दै गर्छन् ।
*(किरण गैरेको फेसबुक स्टाटस https://www.facebook.com/gaire.kiran)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समाजवादी शिक्षा नीति र नेपालको सन्दर्भ (भाग–तीन)



गणेश ज्ञवाली

**नेपालको सन्दर्भ :**
वर्तमान नेपाल समाजवादी राष्ट्र होइन । संविधानमा लेखिए बमोजिम लोकतान्त्रिक गणतन्त्रात्मक र समाजवाद उन्मुख राष्ट्र भनिए पनि व्यवहारमा यहाँको राज्यसत्ताको चरित्र दलाल नोकरशाही पूँजीवादी नै छ । यसका साथै नव औपनिवेशिक उत्पीडन र प्रचुर मात्रामा सामन्तवादी अवशेषहरू वाँकी रहेका छन् नेपाली राज्यसत्तामा । रूपमा केही हदसम्म अग्रगामी परिपाटी तर सारमा पुरानै प्रतिक्रियावादी मूल्य र संस्कृतिको जकड । रूप र सारको अन्तर्विरोधबाट नेपाल चलिरहेको छ । यसले यहाँको शिक्षा प्रणालीलाई पनि प्रभावित पारिराखेको छ । आजसम्म पनि वि.सं.२०२८ सालकै शिक्षा ऐन चालु छ । शिक्षामा व्यापक निजीकरण कायम छ र अझै बढ्दो क्रममा छ । सार्वजनिक शिक्षा नाम मात्रको छ र त्यो पनि खस्कदो क्रममा छ । संविधानमा नीतिगत रूपमा अग्रगामी प्रावधानहरू भएपनि शैक्षिक माफिया र दलालहरूसँग ठूलै संघर्ष नगरी नेपालको शिक्षा प्रणालीलाई समाजवादउन्मुख मार्गमा अघि बढाउन सकिदैन ।

**शिक्षा सम्बन्धी संवैधानिक र नीतिगत व्यवस्था :**
वर्तमान नेपालको संविधानको प्रस्तावनामा "...लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न..." भन्ने वाक्यांश उल्लेख गरिएको छ । संविधानको धारा ५०(३) को निर्देशक सिद्धान्त अन्तर्गत "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।" भनिएको छ । यस अनुसार सैद्धान्तिक रूपमा नेपाल एउटा समाजवाद उन्मुख देश हो भनी मान्न सकिन्छ । संविधानको धारा ३१ मा शिक्षासम्बन्धी पाँचवटा हकहरू व्यवस्था गरिएका छन् । जसअनुसार प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने, अपांग र विपन्नहरूलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षाको हक हुने, दृष्टिविहीन, वहिरा आदिलाई ब्रेल लिपी तथा सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने तथा हरेक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने हक हुने व्यवस्था गरिएको छ । त्यस्तै गरी धारा ४०(२) अनुसार दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम विशेष व्यवस्था गरिने छ भनिएको छ । यिनै संवैधानिक व्यवस्थाहरूलाई कार्यान्वयनमा लैजाने उद्देश्यमा सहयोगी हुनेगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ समेत जारी गरिसकिएको छ ।

**नेपालमा समाजवादी शिक्षा कस्तो हुने ?**
पूर्व सोभियत संघ, चीन, क्युवा र उत्तर कोरियामा जस्तो कम्युनिष्ट पार्टीको एकल सत्ता नभएको हुनाले नेपाली समाजवादी शिक्षाको मोडेल ती देशहरूभन्दा फरक हुनेछ । र त्यहाँको मोडेल हुबहु यहाँ लागू गर्न पनि सम्भव छैन । नेपालको समाजवाद लोकतान्त्रिक मूल्य र प्रतिस्पर्धामा आधारित समाजवाद हो । यसर्थ शिक्षा नीति पनि सोही अनुसार प्रभावित हुन्छ । शिक्षा देश विकाससँग जोडिनु पर्दछ । यहाँको शिक्षाले मानिसलाई समुदायमुखी, उत्पादनशील, राष्ट्रप्रेमी, श्रमप्रेमी बनाउँदै राष्ट्रिय स्वाधिनताको पक्षमा उभिने तथा साम्राज्यवादी औपनिवेशिक उत्पीडन विरुद्ध संघर्ष गर्ने नागरिक तयार गर्नु पर्दछ । उत्पीडित वर्ग, क्षेत्र, लिंग र समुदायका हरेक व्यक्तिको गुणस्तरीय शिक्षामा समतामूलक पहुँच हुनु पर्दछ । शिक्षामा भएको चरम व्यापारीकरण एवं निजीकरण पूर्णरूपमा बन्द हुनु अनिवार्य छ । माध्यमिक तहसम्म वास्तविक अर्थको निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्दछ भने इन्जिनियरिङ्ग, चिकित्साशास्त्र जस्ता प्राविधिक शिक्षामा भएको चरम व्यापारीकरण बन्द गरी देशलाई आवश्यक सो क्षेत्रको कोटा निर्धारण गर्दै प्रतिभाशाली विद्यार्थीहरूलाई छात्रवृत्ति सहित अध्ययनको अवसर प्रदान गरिनुपर्छ ।

निजी र सामुदायिक दुई खालका शिक्षाको अन्त्य नगरी समाजवादी समाजतर्फ उन्मुख हुन सकिदैन । उच्च शिक्षाको नाममा पूँजी र विद्यार्थीहरू विदेशिने बढ्दो क्रमलाई तत्काल रोक्नु पर्दछ । हाम्रो देशको पाठ्यक्रम र शिक्षा नीतिले साम्राज्यवादी राष्ट्रका निम्ति अघोषित रूपमा जनशक्ति उत्पादन गरिरहेको छ । यो कुरा अन्त्य हुनुपर्छ । साथै देशको आवश्यकता अनुसारका जनशक्तिहरू उत्पादनको नीति लिनु पर्दछ । समाजवादी शिक्षाले आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोगी हुने गरी रोजगारीमूलक शिक्षा प्रदान गर्नु पर्दछ । स्वास्थ्य र शिक्षाक्षेत्र नाफा कमाउने क्षेत्र हुनु हुँदैन । जीवनोपयोगी सीप एवं व्यवहारिक शिक्षालाई उच्च प्राथमिकता दिदै औपचारिक शिक्षासँग अनौपचारिक र अनियमित शिक्षालाई जोड्नु आवश्यक छ । समुदायमा विद्यमान रैथाने सीप र प्रविधिलाई संरक्षण गर्ने, आधुनिकीकरण गर्ने र विस्तार गर्ने नीति लिनु पर्दछ । समाजवादी शिक्षाले विविधताको सम्मान गर्नुपर्छ र बहुभाषिक नीति अपनाउनु पर्छ । समालोचनात्मक सोच भएको, तार्किक, भ्रष्टाचार विरोधी, अन्याय अत्याचार विरुद्ध संघर्षशील नागरिक तयार गर्नु समाजवादी शिक्षाको उद्देश्य हुनुपर्दछ । शिक्षाले स्थानीय र विश्वव्यापी ज्ञानलाई जोड्नु पर्छ । निजी र सामुदायिक दुई खालका शिक्षाको अन्त्य नगरी समाजवादी व्यवस्थातर्फ उन्मुख हुन सम्भव छैन ।

नेपालको सन्दर्भमा मार्क्सवादी दर्शन र पूर्वीय ज्ञानको वैज्ञानिक पक्षलाई संयोजन गरी समाजवादी शिक्षाको खाका तयार गर्दा उपयुक्त हुने देखिन्छ । अबको शिक्षाले नेपाली समाजमा प्रचलित कुप्रथाहरू हटाउने, अन्धविश्वास हटाउने तथा सामाजिक कलंकको रूपमा रहेको छुवाछुत प्रथालाई शीघ्र अन्त्य गर्ने संकल्प लिनै पर्दछ । वर्तमान परीक्षा प्रणालीमा आमूल परिवर्तन गरेर व्यक्तिको घोक्ने क्षमता भन्दा सिर्जनात्मक रूपले सोच्ने क्षमतालाई टेवा दिने खालको परीक्षा प्रणाली अपनाउनु पर्दछ ।वर्तमानमा प्रचलित घोकन्ते शिक्षाको सट्टामा अनुसन्धानात्मक शिक्षामा जोड दिनसके मात्र त्यो समाजवाद उन्मुख हुन सक्दछ । शिक्षा अहिलेजस्तो बेरोजगारहरू उत्पादन गर्ने साधनमा परिणत हुनुहुँदैन ।

**निष्कर्ष :**
समाजमा वर्गको उत्पत्तिसँगै शिक्षाको स्वरूप पनि वर्गीय हुन पुग्यो । शिक्षा राजनीतिबाट अलग हुँदैन । पूँजीवादी समाजमा शिक्षाले केवल पूँजीपति वर्गको मात्र सेवा गर्दछ । वुर्जुवा शिक्षाले श्रम र श्रमिकलाई घृणा गर्ने, कामचोर, उत्पादनबाट अलगिने, चरम स्वार्थी, व्यक्तिवादी र ठालुवादी मानसिकता बोकेका परजीवीहरू मात्र पैदा गर्दछ । पूँजीवादी समाजमा शिक्षालाई व्यापारीकरण गर्दै नाफा नोक्सानको विषय बनाइन्छ । यस्तो समाजमा सम्पन्न र विपन्नले समान खालको शिक्षा प्राप्त गर्ने कुराको कल्पना नै गर्न सकिन्न ।

उच्च शिक्षा र प्राविधिक शिक्षा केवल धनाढ्यका छोराछोरीको निम्ति मात्र हुन्छ । पूँजीवादी व्यवस्थामा प्रतिभाको कुनै कदर हुँदैन, अर्थात् प्रतिभाशाली तर विपन्न छ भने त्यस्ता व्यक्तिहरूले गुणस्तरीय शिक्षा पाउन सक्ने कुरै हुँदैन । शिक्षामा भएको वर्ग विभाजनले समाजमा झन् ठूलो वर्गीय खाडल तयार गर्दछ । यसको विपरीत समाजवादी शिक्षाको उद्देश्य उन्नत र न्यायपूर्ण समाज निर्माण गर्नु हो । निजी र नाफामुखी वुर्जुवा शिक्षालाई समाजवादी शिक्षा पद्धतिले विस्थापित गर्दछ । समाजवादी शिक्षाले समाज र राष्ट्रको आवश्यकता अनुसार पाठ्यक्रम तयार पार्दछ । बालबालिकाको रूचि, क्षमता र बाल मनोविज्ञान अनुरूपका विषयवस्तु छनौटको सुविधा हुन्छ । व्यक्तिगत हित र स्वार्थलाई भन्दा सामुहिक हित र सामाजिक स्वार्थलाई ख्याल गरिन्छ । आम नागरिकलाई समाजवादी मूल्यमान्यताद्वारा प्रशिक्षित गर्दै उन्नत र न्यायपूर्ण समाज निर्माणमा सहयोग पुऱ्याउनु समाजवादी शिक्षाको उद्देश्य रहन्छ । समाजवादी शिक्षा प्रणालीमा शिक्षा राज्यको दायित्व भित्र पर्नुका साथै शिक्षामा राज्यको लगानी, नियन्त्रण, निर्देशन, परिचालन र नियमन हुन्छ । पुरातन समाजका खराबीहरू हटाउँदै नवीनतम समाजव्यवस्था निर्माण गर्ने उच्च आदर्शबाट प्रेरित हुन्छ समाजवादी शिक्षा ।

विगतमा सोभियत संघ, समाजवादी चीन, प्र.ज.ग. कोरिया आदि राष्ट्रले आर्जन गरेका समाजवादी शिक्षा प्रणालीको अनुभवहरूको गहन अध्ययन र अनुसन्धान गरी आगामी समाजवादी शिक्षा पद्धतिको महान् राजमार्ग निर्माण गर्न सकिन्छ । ज्ञान, सीप र प्राविधिक शिक्षालाई उत्पादन र नवीन आविष्कारहरूसँग एकीकरण गरेर मात्र समाजवादी शिक्षाको आधारभूमि तयार हुन्छ । समाजवादी शिक्षाले सम्पूर्ण क्षेत्रमा सामन्तवाद र पूँजीवादका सबै अवशेषहरू समाप्त पार्नु पर्दछ । पूँजीवादी शिक्षाले पूँजीवादको सेवा गर्छ, समाजवादी शिक्षाले समाजवादको सेवा गर्दछ । सिकारुहरूमा सामूहिक भावनाको विकास गराउने, शोषण, दमन, अन्याय, अत्याचारविरुद्ध प्रतिरोध गर्न सिकाउनुका साथै संसारभरकै समस्त श्रमजीवी समुदायप्रति भातृत्वको भावनाको विकास गराउने महान् र उदात्त उद्देश्य समाजवादी शिक्षाको हो । समाजवादी शिक्षा प्रणाली द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोणमा आधारित हुन्छ र यो सबै श्रमजीवी जनताको मौलिक अधिकारको रूपमा प्राप्त हुन्छ । पुरानो शिक्षा प्रणालीले किताब मात्र पढाउँछ । समाजवादी शिक्षाले किताब होइन जीवन पढाउनु पर्दछ ।

**सन्दर्भ पुस्तकहरू :**
१.श्रम, शिक्षा र चरित्र निर्माण- नाजेज्दा क्रुप्सकाया (अनुवाद-नारायण गिरी)
२.शिक्षा विमर्श भाग-१ -राजकुमार बराल
३.शिक्षा र जनवादी शिक्षा -गुणराज लोहनी
४.जनवादी शिक्षा अवधारणा, संभावना र भविष्य -यादव आचार्य
५.कम्युनिष्ट पार्टीको घोषणापत्र - कार्लमार्क्स र फ्रेडरिक एंगेल्स (अनु. कृष्णप्रकाश श्रेष्ठ)
६.साम्यवादका सिद्धान्तहरू- फ्रेडरिक एंगेल्स (अनु. कृष्णप्रकाश श्रेष्ठ)
७.महान् सर्वहारा सांस्कृतिक क्रान्ति - विलियम हिन्टन (अनु. युवराज पन्थी)
८.नेपालको संविधान, २०७२

***(लेखक जनता माविका निवर्तमान प्रधानाध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७ |
| बुटवल ०७१–५४०२२२ | भिमअस्पताल भैरहवा ०७१–५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९–५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१–५४००८१ |
| बुटवल रामनगर ०७१–५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१ |
| भैरहवा ०७१–५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७–५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१ | रामपुर अस्पताल: ०७५–४००१५४ | जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६ |
| गुल्मी ०७९–५२०१९९ | पिचन्द्र परासी ०७८–५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८–५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१–५२०२६५ | रेष्टरी क्लब बुटवल ०७१–५४४६०० | बनगाई क्लब बनगाई ०७६–६९०१०२ |
| तौलिहवा ०७६–५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७ | लियो क्लब अफ बुटवल ०७१–५४५८९३ | रेडक्रस देवदह ०७१–५७७०९९ |
| पाल्पा ०७५–५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८ | रेडक्रस भैरहवा०७१–५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४० |
| इप्रका रामपुर ०७५–६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२०० | रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५० | परासी ०७८–५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५–५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१–५४६४३२ | रेडक्रस पाल्पा ०७५–५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६–५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कुनै रोगले दुःख दिन सक्ने समय छ। काममा सतर्कता अपनाउनु राम्रो हुनेछ। | **तुला** : आर्थिक कारोबारमा सफलता पाइएला । आफन्तले सहयोग गर्नेछन्। |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ। | **वृश्चिक** : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ । |
| **मिथुन** : क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । प्रगतिको वातावरण बन्नेछ । | **धनु** : मनमा शान्ति छाउनेछ । गरेको जागिरमा पद र प्रतिष्ठा बढ्नेछ । |
| **कर्कट** : साथीको सहयोग र हौसला मिल्नेछ । कामले अरूको मन जित्नेछ। | **मकर** : व्यवसायमा मन्दी आउनेछ, तर पनि व्यवहारमा फाइदा हुनेछ । |
| **सिंह** : फजुल खर्चले चिन्ता बढाउने छ । समस्यामा अल्झिनुपर्ने देखिन्छ । | **कुम्भ** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । मंगल कार्यको योग छ । |
| **कन्या** : धार्मिक कार्यमा सरिक हुने अवसर रहेको छ । नयाँ प्रस्ताव राख्न आउनेछन् । | **मीन** : अवसर आउनाले मन प्रसन्न रहनेछ । रमाइलो यात्रा होला । |




# अब ह्वाट्सएप र मेसेन्जर एपमा आर्टिफिसियल इन्टेलिजेन्स




फेसबुकको मातृ कम्पनी मेटाले आफ्ना सोसल मिडिया प्लाटफर्महरुलाई आर्टिफिसियल इन्टेलिजेन्सले युक्त बनाउने भएको छ । मेटाका सीईओ मार्क जुकरबर्गले कम्पनीको नयाँ एआई टूल्सको एक पूर्ण श्रृंखला सार्वजनिक गरेका छन् । एआई टुलसमा मेसेन्जर तथा ह्वाट्सएपका लागि च्याट जीपीटी जस्तो च्याटबट रहेका छन् जसले फरक-फरक व्यक्तिहरुको प्रयोग गरेर कुराकानी गर्न सक्नेछ ।

अल ह्याण्डस् मिटिंगमा बोल्ने मेटाका अधिकारीहरुले इन्स्टाग्राममा ल्याउन थालिएका नयाँ फिचरका बारेमा पनि बताएका छन् । इन्स्टाग्राममा थपिने उक्त नयाँ फिचरले टेक्स्टको माध्यमबाट प्रयोगकर्ताको तस्वीर परिवर्तन गर्न सक्नेछ । साथै एउटा अर्को एआई टूल पनि मेटाले ल्याएको छ जसले मेसेजिङ सेवाहरुका लागि इमोजी स्टिकर तयार पार्न सक्दछ । प्रतिस्पर्धी कम्पनीहरु गुगल, माइक्रोसफ्ट तथा स्नापच्याटलगायतले आफ्नै एआई टूल लञ्च गर्ने घोषणा गरिसकेको अवस्थामा आफ्ना तीन अर्ब ८० करोड मासिक सक्रिय प्रयोगकर्ताका लागि मेटाले पनि आफ्नै जेनेरेटिभ एआई टूल तयार पारेको हो । मेटाले अहिलेसम्म कुनै पनि उपभोक्तालक्षित जेनेरेटिभ एआई प्रडक्ट ल्याएको छैन । तर गत महिना मेटाले आफूले विज्ञापनदाताहरुको एउटा सानो समूहसँग काम गरिरहेको र त्यसले एआईको उपयोग गर्ने डिभाइसको परीक्षण गर्नका लागि तस्वीरको पृष्ठभूमि तथा उनीहरुको विज्ञापन अभियानका लागि लिखित कपीको भेरिएसन सिर्जना गर्नसक्ने जनाएको थियो । मेटाले आफ्नो आर्टिफिसियल इन्टेलिजेन्स महाशाखाहरुलाई पनि पुनर्गठन गर्दैछ र आफ्ना संरचनालाई आकार दिनका लागि ठूलो रकम खर्च समेत गर्दैछ । मेटा सीईओ मार्क जुकरबर्गले कर्मचारीहरुलाई सम्बोधन गर्दै गतवर्ष जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजन्सको क्षेत्रमा भएको प्रगतिले कम्पनीका सबै प्रडक्टहरुमा प्रविधिको निर्माण गर्न सम्भव तुल्याएको बताए । मेटाले आफ्ना कर्मचारीहरुका लागि मेटामेट नामक प्रडक्टिभिटी असिस्टेन्टको पनि घोषणा गरेको छ । यसले कम्पनीको आन्तरिक प्रणालीबाट प्राप्त जानकारीको आधारमा प्रश्नहरुको जवाफ दिन तथा कार्य गर्न सक्नेछ ।

*-अनलाइन खबर डटकम*

# एप्पलले लञ्च गऱ्यो भिजन प्रो हेडसेट, के छ विशेषता ?



एप्पलले आफ्नो बहुप्रतीक्षित अगमेन्टेड रियालिटी हेडसेट भिजन प्रो सार्वजनिक गरेको छ । यो पछिल्लो एक दशकमा एप्पलको कुनै हार्डवेयर लञ्च भएको यो पहिलो पटक हो । एप्पलका सिइओ टिम कुकले यो नयाँ हेडसेटले भर्चुअल र वास्तविक दुनियाँलाई निकै सरलतापूर्वक मिलाउने दाबी गरेका छन् । शीर्ष टेक्नोलोजी कम्पनी एप्पलले आईफोनका लागि नयाँ अपरेटिङ सिस्टम र म्याकबुक एयर ल्यापटपको अपडेट पनि ल्याएको छ । यो हेडसेट एक पटक चार्ज भएपछि दुई घण्टासम्म चल्नेछ । यसको मूल्य ३४९९ डलर अर्थात् ४ लाख ६१ हजार रुपैयाँ । यसलाई अर्को वर्षको सुरुमा अमेरिकी बजारमा सार्वजनिक गरिनेछ । एप्पलको यो हेडसेटको मूल्य बजारमा पहिले नै भएका यस्ता अन्य हेडसेटभन्दा थुप्रै गुणा बढी छ । अघिल्लो हप्ता नै मेटाले आफ्नो हेडसेट क्वेस्ट लञ्च गरेको छ जसको मूल्य ४४९ डलर राखिएको छ । एप्पलले जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स बारे खासै धेरै जानकारी दिएको छैन । र यो नयाँ प्रविधि यतिबेला सिलिकन भ्यालीमा चर्चाको केन्द्र हो । क्यालिफोर्नियाको कुपाटिनोस्थित कम्पनीको मुख्यालय एप्पल पार्कमा यो घोषणा गर्दा कम्पनीको सेयरमा साधारण गिरावट आयो ।

**स्काई गगल्स**


एप्पलको भिजन प्रो बजारमा भएका यस्तै अन्य हेडसेटभन्दा केही भिन्न छ । झट्ट हेर्दा यो भर्चुअल रियालिटी हेडसेटभन्दा स्किइङ गगल्स जस्तो देखिन्छ । एप्पलले यो नयाँ डिभाइसको विवरण दिँदै 'अगमेन्टेड रियालिटी' शब्दावलीको प्रयोग गरेको छ । अगमेन्टेड रियालिटी अर्थात् संवर्धित वास्तविकता एउटा यस्तो प्रविधि हो जसमा हाम्रो आसपासको दुनियाँमा भर्चुअल चिज राख्ने गरिन्छ । यस्तो अवस्थामा स्क्रिनबाट हेर्दा मिश्रित वास्तविकता देखिन्छ, जसमा वास्तविक चीजहरू बाहेक भर्चुअल चीजहरू पनि छन् । प्रयोगकर्ताहरूले भर्चुअल संसारमा चलचित्रहरू हेर्न, एपहरू प्रयोग गर्न वा दस्ताबेज लेख्न सक्छन् । तर अहिलेसम्म यस्तो प्रविधिको लागि कुनै ठुलो बजारको उपलब्धताको कुनै प्रमाण छैन । म्याकरुमर्जका सिनियर एडिटर हार्टले शाल्ट्रनले यो नयाँ हेडसेटले जनतालाई आफूतिर तान्न सक्छ भन्ने कुरामा अनिश्चितता व्यक्त गरेका छन् । उनी भन्छन्, 'यसले साधारण उपभोक्तालाई आफूतिर खासै आकर्षित गर्ने छैन किनभने यसको मूल्य असाध्यै धेरै छ र यो फर्स्ट जेनेरेसन डिभाइस हो जसको आफ्नै कमी पनि हुनेछ जस्तै कि यसको ब्याट्री प्याक छुट्टै तारमा जोडिएको छ ।' उनले थपेका छन्, 'एप्पलले सधैं आफ्नो डिभाइसका लागि 'आशङ्कालाई गलत साबित गरिदिएको छ' र यो कम्पनीको इतिहास के छ भने यसले आफ्नो उपकरणतर्फ मानिसलाई जसरी पनि आकर्षित गर्छ र यसका उपकरण हेर्नका लागि आफ्नो पैसा खर्च गरिदिन्छन् ।' टिम कुकले यो उपकरणबारे कुरा गर्दै भनेका छन् - यो हेडसेटले मानिसलाई डिजिटल कन्टेन्टलाई यसरी हेर्न, सुन्न र अन्तरक्रिया गर्ने यस्तो मौका दिन्छ कि यो उनीहरूको वास्तविक दुनियाँको हिस्सा हो । यो डिभाइसलाई हात, आँखा र आवाजमार्फत नियन्त्रित गर्न सकिन्छ । उदाहरणको रुपमा औँलाले छुँदा वा हल्लाउँदा कन्टेन्टलाई स्क्रोल गर्न सकिन्छ । मेटा र लेनेभोले पहिलेदेखि नै भएको भर्चुअल रियालिटी हेडसेटको नयाँ रूप पेस गरेको हप्ता दिन पछि नै एप्पलले यस्तो घोषणा गरेको हो । मेटा र लेनेभोको हेडसेटले वास्तविक दुनियाँको दृश्यमा कुनै भर्चुअल अब्जेक्टको मिश्रण गराउँदैन । मेटाले पनि मिश्रित वास्तविकताको क्षेत्रमा वास्तविक लगानी गरेको छ तर यतिबेला यो क्षेत्रले सैर्ष गरिरहेको छ । इन्टरनेशनल डेटा कोअपरेशनका अनुसार हेडसेटको बजारमा अघिल्लो वर्ष ५४ प्रतिशतको गिरावट आएको छ । एप्पलले यसअघि प्रमुख हार्डवेयर डिभाइस एप्पल वाच सन् २०१५ मा लञ्च गरेको थियो । अनुसन्धाता थोमस ह्युसनले यो नयाँ उपकरणले बजारमा आफ्नो स्थान बनाउन केही समय लाग्न सक्ने बताएका छन् । उनी भन्छन्, 'एआर-भिआर स्पेसलाई पछिल्ला केही वर्षमा असाध्यै बढाई-चढाई पेस गरिएको छ, विशेष गरी मेटावर्स र त्यस खालको अनुभवमा । यसै कारण मलाई लाग्छ कि यो उपकरणले आफ्नो स्थान बनाउन अझै थोरै समय लाग्नेछ ।' उनी भन्छन्, 'यदि मैले १०-१५ वर्ष अघि मानिसले मोबाइलमा २००० डलर खर्च गर्न तयार छन् भनेको भए मलाई लाग्छ कि धेरैजसो मानिसले फोनमा यति धेरै पैसा खर्च गर्दैनन् भन्ने थिए ।'

**आइओएस १७**

भिजन प्रोको घोषणासँगै एप्पलले नयाँ अपरेटिङ सिस्टम आईओएस १७ पनि पेस गरेको छ । यो आइफोनको सबैभन्दा ताजा अपरेटिङ सिस्टम हुनेछ । यसको अपडेटमा कन्ट्याक्ट पोस्टर पनि छ । तपाईं जब कसैलाई फोन गर्नुहुन्छ भने उसको स्क्रिनमा तपाईंको अनुहार पनि देखिनेछ । यसका साथै लाइभ भोइसमेल पनि उपलब्ध हुनेछ ।

*-रातोपाटी डटकम*

# च्याट र मेसेजिङ एपमार्फत आफ्नो व्यापारमा 'अडियन्स इंगेज' कसरी गर्ने ?



विश्वव्यापी रूपमा लगभग ९५ प्रतिशत इन्टरनेट प्रयोगकर्ताहरूले च्याट र मेसेजिङ एपहरू प्रयोग गर्छन्, जसले गर्दा ब्राण्डहरुका लागि ती एपहरू आफ्ना दर्शकहरूमा पुग्नका लागि उपयुक्त स्थान बनेका छन् । ग्राहकलाई हस्तक्षेप नगरिकनै तपाईंका ब्राण्ड प्रस्तावहरू कसरी प्रवर्द्धन गर्ने ? आउनुहोस् सन्तुलित मेसेन्जर मार्केटिङ दृष्टिकोणका उत्कृष्ट अभ्यासहरूका बारेमा अन्वेषण गरौं ।

**१. स्मार्ट कन्टेन्ट सिर्जना गर्नुहोस्**

रिच मिडियाको मद्दतले तपाईंको ब्राण्डका साथै प्रयोगकर्ताको अनुभवलाई पनि उल्लेखनीय रूपमा वृद्धि गर्न सक्छ । दृश्य तत्वहरूले तपाईंको सामग्रीलाई अझ आकर्षक बनाउँछ र तपाईंको सन्देशलाई अझ प्रभावकारी रूपमा व्यक्त गर्न मद्दत गर्दछ । उदाहरणका लागि, भाइबरमा ब्राण्डहरूले नयाँ उत्पादनका बारेमा बताउन आकर्षक चित्र र भिडियोहरू शेयर गर्छन्, भावपूर्ण इमोजीहरू र CTA बटनहरू प्रयोग गरी खरिदहरूलाई प्रभाव पार्नका लागि टेक्स्टहरू पठाउँछन्, र बिजनेस समेसेजहरू मार्फत आफ्ना ग्राहकसँग विभिन्न फाइलहरू साझेदारी गर्छन्ह तिनीहरूले आफ्ना च्याटबटहरू पनि अनुकूलित गर्छन्, ग्राहकहरूको ध्यान खिच्न स्टिकरहरू र क्यारोसेलहरू पठाउँछन् । सूचनामूलक र उपयोगी खुद्रा सामाग्रीहरू जस्तै उद्योग समाचार, सुझाव र अन्तर्दृष्टिसँगै प्रचार सामग्रीको सन्तुलन पनि कायम राख्नु पर्दछ । यो दृष्टिकोणले तपाईंको ब्राण्डलाई जानकारीको विश्वसनीय स्रोतको रूपमा स्थापित गर्न मद्दत गर्छ र विश्वास र भरोसा बढाउँछ ।

**२. दर्शक खण्ड र शिल्प व्यक्तिगत समेसेहरू**

मेसेजिंग एपहरूमा मानिसहरूलाई संलग्न गराउने कुराको सन्दर्भमा एकै आकारमा सबै फिट हुँदैनन् । तपाईंका कन्टेन्टले विभिन्न दर्शक खण्डहरुको प्रतिध्वनित गर्नका लागि यसलाई जनसांख्यिकी, चासो, व्यवहार र पहिलेका खरिद लगायत अन्य कारकहरुमा आधारित रहेर वर्गीकरण गर्नुहोस् । त्यसपछि प्रत्येक समूहको प्राथमिकता र आवश्यकता अनुरूप व्यक्तिगत सामाग्रीहरू सिर्जना गर्नुहोस् । भाइबरमा ब्रान्डहरूबाट सुझाव: व्यापार सन्देशहरूसँग आफ्नो ऋच: वा ऋम्ए प्रणाली एकीकृत गर्नुहोस् र तपाईंको सञ्चारलाई निजीकृत गर्न आफ्ना ग्राहकहरूको बारेमा उपलब्ध जानकारी प्रयोग गर्नुहोस् । यो लक्षित दृष्टिकोणले थप अर्थपूर्ण संलग्नता र उच्च रूपान्तरणको दरमा परिणाम दिनेछ ।

**३. तत्काल कस्टमर सपोर्ट प्रदान गर्नुहोस्**

बिजनेसको उत्पादन वा सेवाहरूले लोकप्रियता प्राप्त गरेपछि यसका ग्राहक समर्थन टोलीको कार्यभार अनिवार्य रूपमा बढ्न जान्छ । तिनीहरूको काम सुव्यवस्थित छ भन्ने कुराको सुनिश्चित गर्न आवश्यक छ । यसका तरिका निम्न छन् : सम्भावित समस्याहरू ह्यान्डल गर्न आफ्नो टोलीलाई तालिम दिनुहोस् र तिनीहरू तपाईंको ब्राण्डका नीति र उत्पादनहरूमा राम्ररी जानकार छन् भनी सुनिश्चित गर्नुहोस् । सुनिश्चित गर्नुहोस् कि तिनीहरू ग्राहकको जिज्ञासा, सरोकार र प्रतिक्रियाहरूलाई सम्बोधन गर्न सजिलै उपलब्ध छन्, र मेसेजिंग एपमार्फत यो कसरी गर्ने भनेर जान्दछन् । प्राय: सोधिने प्रश्नहरूको तुरुन्त जवाफ प्रदान गर्न र ग्राहक अन्तरक्रियालाई सुव्यवस्थित गर्न तपाईंको लाइभ टोलीको कामलाई साथ दिनुहोस् । उदाहरणका लागि भाइबरमा ब्राण्डहरूले प्रयोगकर्तालाई उपलब्ध उत्पादनहरू खोज्न, डेलिभरी सर्तहरूको समीक्षा गर्न, काम गर्ने घण्टा जाँच गर्न र अन्य धेरै कुराहरूमा मद्दत गर्न च्याटबटहरूको प्रयोग गर्दछन् । छिटो छरितो कस्टमर सपोर्ट प्रदान गरेर तपाईं ग्राहक अनुभव बृद्धि गर्न सक्नुहुन्छ र तपाईंको ब्राण्ड र यसका दर्शकबीचको सम्बन्ध सुदृढ गर्ने अर्को तरिकाको रूपमा पनि यसलाई प्रयोग गर्न सक्नुहुन्छ ।

**अत्यधिक प्रयोगकर्ताहरूबाट बच्नको लागि सीमाहरू सेट गर्दै**

आफ्ना लक्षित दर्शक समक्ष जतिसक्दो चाँडो पुग्ने मार्केटरहरूको चाहनाको बाबजुद पठाइएका प्रवर्द्नात्मक सामग्रीमा सीमाहरू सेट गर्नु भनेको ग्राहकहरूलाई सन्देश प्रवाह गर्ने एपहरूमा प्रभावकारी रूपमा संलग्न गराउने अस्त्र हो ।

१. यस प्रकारका सामग्रीको अति प्रबर्धनले प्रयोगकर्ताहरू छिट्टै रिसाउन वा निरुत्साहित हुन सक्छन् । त्यसैले जानकारीमूलक र आकर्षक प्रचार सामग्रीबीच सही सन्तुलन खोज्नु महत्त्वपूर्ण हुन्छ । एक सुसंगत तालिका राख्नाले तपाईंको श्रोताको चासो कायम राख्दै यो प्राप्त गर्न मद्दत गर्न सक्छ । प्रयोगकर्तालाई उनीहरूको सुविधामा तपाईंको सामग्रीसँग संलग्न हुने स्वतन्त्रता दिनुले उनीहरूको ग्राहक अनुभव पनि बढाउन सक्छ । उदाहरणका लागि भाइबरमा ब्राण्डहरूबाट सबै सन्देशहरू सुव्यवस्थित संचार प्रदान गर्दै एउटा फोल्डरमा फेला पार्न सकिन्छ ।

२. दुईतर्फी सञ्चारलाई बढावा दिनु सीमा निर्धारण गर्ने अर्को आवश्यक पक्ष हो । सक्रियतापुर्वक आफ्ना ग्राहकहरूको प्रतिक्रिया सुन्नुहोस् र तदनुसार प्रतिक्रिया दिनुहोस् । उपभोक्तालाई उनीहरूको विचार र सरोकारहरूलाई आवाज दिँदा तपाईंले उनीहरूको इनपुटको कदर गर्नुहुन्छ र आफ्नो संलग्नता रणनीतिहरू अनुकूलन गर्न इच्छुक हुनुहुन्छ भनी देखाउँछ । थप रूपमा, प्रतिक्रियाको सम्मान गर्दै यसमा आधारित परिवर्तनहरू गर्नाले थप सन्तुष्ट ग्राहकहरू निम्त्याउन सक्छ जो सम्भवत: तपाईंको ब्राण्डसँग संलग्न रहनेछन् ।

३. अन्तमा, तपाईंका रणनीति आवश्यकता अनुसार समायोजन गर्न मानिसहरूले तपाईंको मार्केटिङ प्रयासलाई कसरी प्रतिक्रिया दिन्छन् भन्ने कुराको निरन्तर निगरानी गर्न आवश्यक छ। ओपन रेट, क्लिक-थ्रू रेट, र प्रयोगकर्ता प्रतिक्रियाजस्ता मेट्रिक्सहरूमा नजर राख्दा तपाईंको हालको दृष्टिकोणले कसरी काम गर्छ भन्ने बारेमा मूल्यवान अन्तरदृष्टि प्रदान गर्न सक्छ । तपाईंका श्रोताहरूको प्राथमिकता र प्रतिक्रियाहरूमा अटेन्ड गरेर तपाईंले आफ्ना सन्देशहरूको आवृत्ति, सामाग्री र समयको बारेमा सूचित निर्णयहरू गर्न सक्नुहुन्छ । यो सक्रिय दृष्टिकोणले तपाईंलाई अत्यधिक उपभोक्ताहरूबाट बच्न मद्दत गर्नेछ । मेसेजिङ एपहरूमा आफ्ना श्रोताहरूलाई झिँजो नलगाई उनीहरूलाई संलग्न गराउनु एउटा प्राप्त गर्न सकिने लक्ष्य हो जसले तपाईंको ब्राण्डको पहुँचलाई उल्लेखनीय रूपमा बढाउँछ र अर्थपूर्ण सम्बन्धहरूलाई बढावा दिन्छ। सन्तुलित दृष्टिकोण कायम गरेर, आकर्षक कन्टेन्ट सिर्जना गरेर र आफ्ना श्रोताहरूको प्राथमिकतालाई ध्यानमा राखेर तपाईंले मानिसहरूसँग जोडिन मेसेजिंग एपहरूको पहिले कहिल्यै नदेखेको शक्तिको लाभ उठाउन सक्नुहुन्छ ।

*-डिसी नेपाल डटकम*

**मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ता कायम नामसारी सम्बन्धी ३५(पैतिस) दिने हकदावी गर्न आउने सार्वजनिक सूचना**

रुपन्देही जिल्ला सिद्दार्थनगर नगरपालिका -७ बस्ने वाल नारायण श्रेष्ठका छोराहरु मदन नारायण श्रेष्ठ र विजय नारायण श्रेष्ठले आफ्नो बाबु नाताका वाल नारायण श्रेष्ठ र म निवेदक प्रेम नारायण श्रेष्ठको नाउमा रहेको मोही अर्जुन रानाको नाती लछुमन राना को छोरा जंगविर राना मोही रहेको, पाल्पा जिल्ला बर्तुङ -३ को कि.नं. २९३ क्षे.फ ४-१४-०-१ को जग्गा जग्गाधनी मध्येका एकवाल नारायण श्रेष्ठको मिति २०५३/०६/०२ मा मृत्यु भएको। निज जग्गाधनीका नाउमा दर्ता रहेको बर्तुङ -३ को कि.नं.२९३ को जग्गाधनी प्रमाण पुर्जा हराएको। जग्गाधनी वाल नारायण श्रेष्ठ र प्रेम नारायण श्रेष्ठ मध्ये मृतक जग्गाधनी वाल नारायण श्रेष्ठको एकमात्र पत्नी कृष्ण माया श्रेष्ठको मिति २०५९/०४/२४ मा मृत्यु भएको । निज मृतक जग्गाधनी दम्पतीबाट दुई भाई छोराहरु मदन नारायण श्रेष्ठ, विजय नारायण श्रेष्ठ र एक बहिनी छोरीको जन्म भएकोमा छोरीको विवाह भई सकेकोले मृतक जग्गाधनी वाल नारायण श्रेष्ठ र जिवित जग्गाधनी म प्रेम नारायण श्रेष्ठका नाउमा बर्तुङ -३ को कि.नं. २९३ को जग्गा मोही जंगवीर राना कायम गरी श्रेस्ता कायम गरी हाम्रा बाबु वाल नारायण श्रेष्ठको हक हिस्सा हाम्रा नाउमा संयुक्त ना.सा गरीपाउ भनी पल्ट रजिष्टर, लगत उतार, तानसेन न.पा को प्रमाणित लगत, मृत्युदर्ता, नागरिकता, नाता प्रमाणित, तिरो रसिद, तानसेन -७ को च.नं.१८७४ मिति २०८०/०२/२३ को सिफारिस, मुचुल्का, सिद्दार्थ न.पा -७ को च.नं. ६३६ मिति २०८०/०१/२० को सिफारिस, मुचुल्का, नाता प्रमाणित समेत संलग्न राखी ज.ध मध्येका प्रेम नारायण श्रेष्ठ र हकवालाहरु मदन नारायण श्रेष्ठ र विजय नारायण श्रेष्ठले मिति २०८०/०२/२३ मा निवेदन दिनुभएको ।

यसमा निज मृतक जग्गाधनी वाल नारायण श्रेष्ठ र जिवित जग्गाधनी प्रेम नारायण श्रेष्ठको संयुक्त नाउको जग्गाधनी प्रमाण पुर्जा हराएको हो वा होइन ? बर्तुङ -३ को मोही समेत कायम भएको कि.नं.२९३ को जग्गा मृतक जग्गाधनी जिवित छँदै जग्गाधनी वाल नारायण श्रेष्ठ र प्रेम नारायण श्रेष्ठले अन्यत्र विक्री वितरण गरेको वा अन्य कुनै तरिका बाट हक हस्तान्तरण गरेको हो वा होइन ? निज मृतक जग्गाधनी वाल नारायण श्रेष्ठका के कति पत्नी थिए वा छन् ? निज मृतक जग्गाधनी बाट के कति सन्तानको जाय जन्म भएको हो ? अविवाहित छोरीहरु छन् वा छैनन् ? निज मृतक जग्गाधनीका हकदार व्यक्तिहरु को को हुनुहुन्छ ? उक्त जग्गामा कसको हकभोग रहेको छ ? बर्तुङ -३ को कि.नं. २९३ क्षे.फ ४-१४-०-१ को जग्गा निज मृतक जग्गाधनी वाल नारायण श्रेष्ठको निवेदक छोराहरु मदन नारायण श्रेष्ठ, विजय नारायण श्रेष्ठको हकभोगमा छ वा छैन ? निज मृतक जग्गाधनी वाल नारायण श्रेष्ठ र जिवित जग्गाधनी प्रेम नारायण श्रेष्ठका संयुक्त नाउमा रहेको मोही जंगवीर राना रहेको बर्तुङ -३ को कि.नं. २९३ को जग्गा मृतक जग्गाधनी वाल नारायण श्रेष्ठ र जिवित जग्गाधनी प्रेम नारायण श्रेष्ठका नाउमा श्रेस्ता कायम गरी मृतक जग्गाधनीको हकहिस्सा सबै भन्दा नजिकको हकदार दुई भाई छोराहरु मदन नारायण श्रेष्ठ र विजय नारायण श्रेष्ठका नाउमा मोही जंगवीर राना समेत कायम गरी संयुक्त ना.सा गरिदिन मिल्छ वा मिल्दैन ? यसरी ना.सा गरीदिँदा कोही कसैलाई असर पर्छ वा पर्दैन ? निवेदन मागदावी बमोजिम गर्न नमिल्ने भए वा कोही कसैलाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा सप्रमाण सहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन वमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

इति सम्वत् २०८० साल जेठ महिना २९ गते ०२ रोज शुभम् ।

# ज्ञानेन्द्र अटोले सार्वजनिक गऱ्यो यामाहाको हाइब्रिड स्कुटर



**पाल्पा**, जेठ २९/पाल्पाको लागि यामाहाको आधिकारी विक्रेता ज्ञानेन्द्र अटो वक्सले स्मार्ट मोटर जेनेरेटरसहितको पहिलो हाइब्रिड स्कुटर रे जेडआर १२५ सार्वजनिक गरेको छ । मोटरसाईकल र स्कुटरको व्यवसायिक विक्री वितरण गर्दै आएको वक्सले सोमबार एक औपचारिक कार्यक्रमको आयोजना गरी जेडआर १२५ सार्वजनिक गरेको हो ।

पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष तथा प्रमुख अतिथि शैलेन्द्र भट्टराई, वक्सका एमडी विरेन्द्रकाजी शाक्य, पत्रकार महासंघका अध्यक्ष रेखीराम रानाले संयुक्त रुपमा उक्त स्कुटर सार्वजनिक गरेका हुन् । नयाँ रे जेडआरको सार्वजनिक गर्दै प्रमुख अतिथि भट्टराईले ज्ञानेन्द्र अटोले ग्राहकहरुको आवश्यकतालाई मध्यनजर गर्दै सुपथ मूल्यमा सहज र सुरक्षित यात्राका योजनाहरु सार्वजनिक गर्दै आएकोमा वक्सलाई धन्यवाद दिए । उनले ग्राहकहलाई ज्ञानेन्द्र अटोले सेवा मात्र नदिई धेरै युवाहरुलाई रोजगारीमा समेत जोडेर महत्वपूर्ण योगदान पुऱ्याएको बताए । उनले भने,'पाल्पाबाट धेरै मानिसहरु विस्थापित हुनुपर्ने अवस्था सिर्जना भएका बेला ज्ञानेन्द्र अटोले वक्समार्फत धेरै युवाहरुलाई रोजगार प्रदान गरी आत्मानिर्भरको दिशामा अगाडि बढाएको छ ।' वक्सले सामाजिक उत्तरदायित्वतर्फ पनि उत्तिकै ध्यान दिएको संघका अध्यक्ष भट्टराईले बताए । ज्ञानेन्द्र अटो वक्सका एमडी विरेन्द्र काजी शाक्यले यामाहा सदा आफ्ना ग्राहकलाई भावि प्रविधिको अनुभव गराउने प्रयासरत रहेको बताए । उनले ग्राहकहरुको मागलाई मध्यनजर गर्दै विभिन्न समयमा नयाँ-नयाँ स्कुटर तथा बाईकहरु ल्याउदै आएको र आगामी दिनमा पनि त्यस्ता सेवा र योजनाहरुलाई निरन्तरता दिदै जाने प्रतिवद्धता व्यक्त गरे । पत्रकार महासंघका अध्यक्ष रेखीराम रानाले गरिब, विपन्न र सबै वर्गका नागरिकहरुलाई लक्षित गरी ज्ञानेन्द्र अटोले मोटरसाइकल र स्कुटरको सेवा प्रदान गर्दै आएकोमा खुसी व्यक्त गरे । वक्सले व्यवसायिक प्रतिष्ठानको प्रचार-प्रसारमा जिल्लाका सञ्चार माध्यमलाई समेत प्राथमिकतामा राखेको बताए । कार्यक्रममा यामाहा लुम्बिनी प्रदेशका सेल्स म्यानेजर सुवास देवकोटाले सुरुमा पिकअप लिंदा इन्जिन र ब्याट्री पावर दुवै प्रयोग हुने हाइब्रिड प्रविधिको स्कुटर रहेको बताए । पहिलेको तुलनामा यो स्कुटरको माइलेज समेत बढी रहेको उनले जानकारी दिए । ज्ञानेन्द्र अटोका सेल्स म्यानेजर विवेक काजी शाक्यले पहिलो हाइब्रिड स्कुटर रे जेडआर १२५ लन्च गर्न पाएकोमा खुसी व्यक्त गर्दै ग्राहकलाई अत्याधुनिक उत्पादन उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरे । सो स्कुटरको मूल्य २ लाख ७९ हजार ९ सय देखि २ लाख ९९ हजार ९ सय रहेको उनले बताए । स्कुटर स्ट्याण्डर्ड, डिलक्स, प्रिमियम र प्रिमियम प्लस गरी चार ट्रिममा उपलब्ध रहेको कम्पनीले जनाएको छ । स्कुटरमा एफआई ब्लुकोर इन्जिन रहेको छ भने हाइब्रिड भेरियन्टले स्मार्ट मोटर जेनेरेटरलाई गतिरोधको समयमा शक्ति सहायता प्रदान गर्छन् । १४५ एमएमको ग्राउण्ड क्लियरेन्स र ९९ केजीमात्रै तौल रहेको स्कुटरमा युनिफाइड ब्रेकिङ सिस्टम (युबिएस), साइड स्ट्याण्ड इन्जिन कटअफ फङ्सन र २१ लिटर अण्डरसिट स्टोरेजलगायतका सुविधा रहेको कम्पनीले जनाएको छ । स्कुटरमा आइडियल स्टार्टस्टप टेक्नोलोजीको प्रयोग गरिएको छ भने पावर एसिस्ट प्रयोग गरिएकाले उकालो बाटोमा चलाउँदा पनि ठूलो आवाज आउँदैन ।

## खेलकुद समाचार

# प्रिन्स र रसिला एसियन गेम्सका लागि छनोट



**काठमाडौं**, जेठ २९/यसै वर्षको सेप्टेम्बरमा चीनको गाङ्झाओमा आयोजना हुने १९ औं एसियन गेम्सका लागि चारजना खेलाडी छनोट भएका छन् ।

नेपाल ब्याडिमन्टन संघले निर्धारित दुई पुरुष र दुई महिलाको लागि देवीनगर ब्याडमिन्टन क्लबमा आयोजना गरेको छनोट प्रतियोगिताबाट प्रिन्स दाहाल र रसिला मर्हजनसहित सुनिल जोशी र जेशिका गुरुङ छनोट भएका हुन् । वैकल्पिक खेलाडीमा पुरुष तर्फ विष्णु कटुवाल र महिला तर्फ अनुमाया राई छनोट भएका छन् । चारै खेलाडीको एसियन गेम्सको यात्रा पहिलो हो । एसियन गेम्सका ब्याडमिन्टनको उपलब्धिलाई हेर्ने हो भने पुरुष टिम इभेन्टसमा क्वाटरफाइनल सम्मको यात्रा तय गरेको छ । कोरियाको इन्चोनमा भएको १७ औं र इन्डोनेसियामा भएको १८ औं एसियन गेम्समा नेपालले पुरुष टिम इभेन्टसमा क्वाटरफाइनलसम्म पुग्दै पाँचौं स्थान हासिल गर्न सफल भएको थियो । प्रिन्स जुनियरतर्फ विश्व नम्बर एक रहिसकेका छन् । यस्तै रसिला जुनियर युगल तर्फ विश्व छैटौं स्थानमा रहिसकेको संघका सचिव नवीन विक्रम शाहले जानकारी गराएका छन् । राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले खेलाडीहरूलाई खादा लगाएर राम्रो नतिजा प्राप्त गर्न शुभकामना दिएका थिए ।

## अर्थ/कर्पोरेट/ समाचार

# होटल व्यवसायीको 'जाऊँ हिंड रेसुङ्गा' अभियानमा चासो



**गुल्मी**, जेठ २९/जिल्लाका होटल व्यवसायीहरुले रेसुङ्गा नगर सरकारले सञ्चालन गरेको 'जाऊँ हिंड रेसुङ्गा' अभियनमा चासो देखाएका छन् । उनीहरुले नगर सरकारले जेठ २१ गतेदेखि शुभारम्भ गरेको सो अभियानलाई सफल बनाउन प्रचार-प्रसार कार्यलाई तिव्रता दिने कुरामा चासो देखाएका हुन् ।

होटल व्यवसायी मञ्चले रेसुङ्गाको गर्जुरामा गरेको १४ औं साधारण सभाबाट नगरपालिकाले शुभारम्भ गरेको 'जाऊ हिंड रेसुङ्गा' अभियानलाई सफल बनाउन ऐक्यबद्धता जनाएको हो । मञ्चका अध्यक्ष जंगबहादुर कुँवरले रेसुङ्गा नगरपालिकाले शुभारम्भ गरेको अभियानलाई सफल बनाउन जिल्लामा रहेका सम्पूर्ण होटल व्यवसायीहरू लाग्ने बताएका छन् । पर्यटनमार्फत मात्रै यहाँका जनताको आर्थिक समृद्धि र रोजगारीको अवसर सिर्जना हुने भन्दै उनले नगरपालिकासँग सहकार्य गरी अगाडि बढाउने धारणा व्यक्त गरे । पर्यटन व्यवसायी सुदर्शन खनालले जिल्लामा पर्यटनको अपार सम्भावना रहेको बताए । पर्यटन पूर्वाधारहरू निर्माण भइरहेकाले लगानी र पर्यटन प्रवर्द्धनमा सबै पक्षले जोड दिनुपर्नेमा उनले जोड दिए । रेसुङ्गा नगरपालिकाका नगरप्रमुख खिलध्वज पन्थीले रेसुङ्गा क्षेत्रको प्रचार-प्रसार गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नका लागि सो अभियानको शुभारम्भ गरेको बताए । उनले आगामी आर्थिक वर्ष २०८०/०८१ मा करिब एक लाख पर्यटकहरूलाई रेसुङ्गामा भित्र्याउने योजना रहेको बताए । आगामी आर्थिक वर्ष लगानी सम्मेलन तथा पर्यटकीय गतिविधि सञ्चालन गरिने बताइएको छ । नगरपालिकाले 'जाऊँ हिंड रेसुङ्गा' अभियानलाई सफल बनाउनका लागि ७ का वडा अध्यक्ष रामप्रसाद पन्थी 'रामजी'लाई संयोजकको जिम्मेवारी प्रदान गरेको छ ।

# 'रक्तदान जीवनदानमा युवाको भूमिका' विषयक वक्तृत्वकला हुँदै



**पाल्पा**, जेठ २९/तानसेनमा 'रक्तदान जीवनदानमा युवाको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगिता हुन लागेको छ । नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाको आयोजना र पाल्पाली संगम अमेरिका, ब्लड डोनर्स अफ अमेरिकाको आर्थिक सहयोगमा प्रतियोगिता हुन लागेको हो ।

विश्व रक्तदाता दिवसको अवसर पारेर जेष्ठ ३१ गते प्रतियोगिता सञ्चालन गर्न लागिएको रेडक्रस पाल्पा शाखाका सभापति बाबुराम कार्कीले पत्रकार सम्मेलनमार्फत जानकारी गराएका छन् । प्रतियोगितामा जिल्ला १० वटै स्थानीय तहका २२ जना विद्यार्थीहरुको सहभागिता रहने छ । स्थानीय तहबाट छनोट भएर आउने विद्यार्थी उक्त प्रतियोगितामा सहभागी हुने छन् । प्रतियोगिताको नेपाल सरकार, मन्त्री परिषद्का पूर्व अध्यक्ष खिलराज रेग्मीले उद्घाटन गर्ने सभापति कार्कीले बताए । विद्यार्थीहरुमा रगतको आवश्यकता र महत्व दर्शाउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको उनको भनाई छ । प्रतियोगितामा प्रथम, द्वितिय र तृतिय हुनेले क्रमश: ५० हजार , ३० हजार र २० हजार नगद पुरस्कार पाउने छन् । ब्लड बारे सचेतना जगाउन र रक्तदान गर्न प्रोत्साहन गर्न प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्नेमा रेडक्रसका उपसभापति भिमसेन कार्कीले विश्वास व्यक्त गरे । प्रतियोगिता सञ्चालनका लागि २ लाख ५० हजार रकम आएको पाल्पाली संगम अमेरिका पाल्पाका फोकल पर्सन दिनेश घिमिरेले जानकारी दिए । प्रतियोगिता रेडक्रसको सभाहलमा हुने जनाइएको छ ।


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/०२/२८**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई, पाल्पाको च.नं. १९४६, मिति २०८०/०२/२८ को विज्ञापन अनुमति पत्रानुसार यस विद्यालयको प्रा.वि. तह, तृतीय श्रेणी शुद्ध दरबन्दीको लागि अस्थायी करार पदमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** : ०१/२०८०, **तह** : प्रा.वि., शुद्ध दरबन्दी, **पद** : शिक्षक
**पद संख्या** : १ जना, **नियुक्तीको किसिम** : करार
**शैक्षिक योग्यता** : आई.एड वा सो सरह
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : नेपाल सरकारले तोके बमोजिम, **दरखास्त दस्तुर** : रु. ५००/-
**दरखास्त दिने अन्तिम मिति** : २०८०/०३/१० गते कार्यालय समयभित्र
**दरखास्त दिने अन्तिम स्थान** : श्री मग्रान देवी प्रा.वि. रैनादेवी छहरा-१, सिद्धेश्वर, पाल्पा
**सम्पर्क मिति** : २०८०/०३/११ गते, **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ ।
**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता
**आवश्यक कागजातहरु** : व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हस्तलिखित निवेदन १/१ प्रति ।, **सम्पर्क नं.** : ९७४७१०००९८
नोट : तोकिएको अवधिभित्र शिक्षक सेवा आयोगको करार लिस्टमा सूचीकृत आवेदकले निवेदन दिन आएमा निजले प्राथमिकता पाउने छ र अन्य आवेदकको निवेदन र निवेदन दस्तुर फिर्ता हुनेछ ।

**श्री मग्रान देवी प्राथमिक विद्यालय**
रैनादेवी छहरा-१, सिद्धेश्वर, मग्रान, पाल्पा

## वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन
दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


# रेसुङ्गा महायज्ञमा ५८ लाख आर्थिक संकलन



**सरस्वती घर्ती**

**गुल्मी**, जेठ २९/ जिल्लाको रेसुङ्गामा सञ्चालन भएको महायज्ञको आयव्यय सार्वजनिक गरिएको छ । रेसुङ्गा संरक्षण समिति गुल्मीले रेसुंगा धाममा वैशाख २३ गते देखि ३१ गतेसम्म सञ्चालन भएको श्रीराम महायज्ञ श्रीराम कथा महामहोत्सव एवम् विराट सन्तभक्त दर्शन मेलाको आयव्यय सार्वजनिक गरेको हो ।

नौं दिनसम्म सञ्चालन भएको महायज्ञमा ५८ लाख भन्दा बढी आर्थिक संकलन भएको छ । समितिका कोषाध्यक्ष नेत्र बस्नेतले महायज्ञबाट ५८ लाख ४७ हजार ८ सय ९५ आर्थिक संकलन भएको बताए । उनका अनुसार महायज्ञमा ३५ लाख ७१ हजार ४ सय ५० खर्च भएको छ, भने २२ लाख ७६ हजार ४ सय ९५ बचत भएको छ । भारतबाट आएका साधुसन्तका लागि ९ लाख ४६ हजार ९ सय ७१, स्थानीय पण्डित, कन्या दक्षिणामा ९६ हजार ४ सय ११ गरी १० लाख ४३ हजार ३ सय ८२ खर्च गरिएको समितिले जनाएको छ । बचत भएको रकमबाट रेसुङ्गामा वेद विद्या आश्रम खोल्ने, गौशालालाई व्यवस्थित गर्ने र रेसुङ्गाको विकासका निम्ति खर्च गरिने संरक्षण समितिका अध्यक्ष सुरेशचन्द्र भुसालले बताए । कार्यक्रममा प्रमुख अतिथि रेसुङ्गा नगरपालिकाका नगरप्रमुख खिलध्वज पन्थीले धार्मिक क्षेत्रको विकासमा महायज्ञले महत्वपूर्ण भूमिका खेलेको बताए । संरक्षण समितिका उपाध्यक्ष मोतिप्रसाद खनालले रेसुङ्गाको महत्व र प्रचारप्रसारका लागि धार्मिक व्यक्तित्वहरू निरन्तर लागिरहेको बताए । नगरपालिकाले सञ्चालन गरेको जाउँ हिड रेसुंगा नगरपालिकाले सञ्चालन गरेको अभियानले थप उत्साह भरेको उनको भनाइ थियो । सोही अवसरमा महायज्ञलाई सफल बनाउन सहयोग गर्ने व्यक्तिहरुलाई सम्मान गरिएको छ । महायज्ञ अवधिभर रेसुङ्गामा एक लाख भक्तजनको सहभागिता रहेको समितिका सचिव गोपाल पन्थीले बताए । कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, समाजसेवी, चन्दा दाता सल्लाहकार शशी पन्थी, दीन पन्थी, रामचन्द्र पन्थी लगायतले आ-आफ्ना धारणा राखेका थिए ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई